# नौमुले गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

नौमुले, दैलेख

कर्णाली प्रदेश, नेपाल

## *शिलबन्दी दरभाउपत्र आव्हानको सूचना*

(तेस्रो पटक प्रकाशित मिति :- २०७८/०९/१७)

यस गाउँकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार देहायका उल्लेखित झोलुङ्गे पुलहरुको स्टिल पार्टस खरिद कार्य दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पुर्वाधार विकासमा सुचिकृत भएका व्यवसायीहरुबाट निम्नशर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मिति भएको मितिले १५ (पन्ध्र) दिन भित्र चालु आ.व.का लागि नविकरण भएको कम्पनी दर्ता तथा ईजाजतपत्र, आयकर दर्ता, मु.अ.कर दर्ता र आ.व. २०७७/७८ सम्मको कर चुक्ताभएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदनका साथ शिलबन्दि दरभाउपत्र फारम दस्तुर एन.एम.बि. बैंक नौमुले शाखा, नौमुले, दैलेखको संचित खाता नं. १०४०००७७७१२४०००७४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा गाउँपालिकाको कार्यालयमा उल्लेखित दस्तुर तिरेको सक्कल रसिद (फिर्ता नहुने गरी) सहित इच्छुक दरभाउपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहीदिनको १:०० बजे यस कार्यालयमा खोलिने छन् । दरभाउपत्र खरीदगर्ने वा दाखिलागर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथ जमानत बापतको लभशिट डिपोजिमको रकम यस कार्यालयको एन.एम.बि. बैंक नौमुले शाखा, नौमुले, दैलेखको धरौटि खाता नं. १०४०००७७७१२४०००३१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरीएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउ पत्र उपर कारबाही हुनेछैन ।

५. दरभाउपत्र दाताबाट दरभाउपत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन, साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ, केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

| क्र. सं. | ठेक्का नम्बर | कामको विवरण (स्टिल पार्टस खरिद) | लगत अनुमान (मु.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | NCB/NRM/03/ KDJP/078/079 | कुले दह झोलुङ्गे पुल, वडा नं. ४ | रु.८,०९,५४३।३७ (अक्षरुपी: आठ लाख नौ हजार पाँच सय त्रिचालिस रुपैयाँ सर्तिस पैसा मात्र) | २०५००।० | १०००।- | |
| २ | NCB/NRM/04/ TCJP/C78/079 | ठुलोचम्लाय झोलुङ्गे पुल, वडा नं. २ | रु.९,८१,२५९।९१ (अक्षरुपी: नौ लाख एकासी हजार दुई सय उनन्साठि रुपैयाँ एकानब्बे पैसा मात्र) | २५,०००।० | १०००।- | |
| ३ | NCB/NRM/05/ DGTB/078/79 | डाँडा गाउँ ट्रस पुल, वडा नं. ४ | रु.१५,२१,०९४।२९ (अक्षरुपी: पन्ध्र लाख एक्काईस हजार चौरानब्बे रुपैयाँ उनन्तिस पैसा मात्र) | ३८,५००।० | १०००।- | |

नि.प्रमुख प्रशासकिय अधिकृत